# संघीय संसद

# राष्ट्रिय सभा

# तेह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १२ चैत २०७९

# आइतवार

# बैठक सङ्ख्या- १३

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १५:५१ बजे प्रारम्भ भयो ।

(१५:५३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय डा. बेदुराम भुसाललाई "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

(१५:५४ बजे) **माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

(१५:५४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय डा. बेदुराम भुसालले प्रस्तुत गर्नुभएको "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले

आआफ्नो नाम अध्यक्षको ड्याससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई तीन मिनेटको समय निर्धारण गरेको छु ।

माननीय विमला राई पौडयाल ।

(१५:५५ बजे) **माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, यो "राष्ट्रिय मर्यादा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक म पाँच वर्ष भयो काम गर्न थालेको संसदमा यो पहिलो विधेयक होला गैरसरकारी विधेयकको रूपमा प्रस्ताव भा'को रहिछ । त्यो भएर अलि अनौठो पनि लागिरहेको छ । तर यो मौका पाइयो । यस्तो विषयमा छलफल गर्नको लागि यो मर्यादा सम्बन्धमा चाहिँ पटक पटक सरकारले निर्णय गर्ने अनि तल, माथि मुख्य सचिवको हातमा अथवा चाहिँ अरू कुनै व्यक्तिको हातमा छोड्दिने अनि जसलाई जति बेला मन लाग्यो त्यति बेला तल, माथि गर्ने र त्यसपछि राजपत्रमा प्रकाशित गर्ने अनि त्यहीअनुसार गर्ने गर्दा कन्फ्युजिङ पनि कहिलेकाहीं बेथिति पनि भ'को नदेखिएको होइन । त्यो हिसाबमा यसलाई ऐनले नै निर्देशित गर्नुपर्छ । ऐनले नै नियमन गर्नुपर्छ भन्ने अवधारण आ'को हुनुपर्छ । र त्यसरी यो सबै दलको प्रतिनिधिहरू मिलेर यहाँ ड्राफ्ट गर्नु भा'को रहिछ । त्यो ऐनबाट नै निर्देशित हुनुपर्छ भन्ने कुरामा चाहिँ मेरो सहमति नै हो ।

र मेरा एउटा दुइटा चिन्ताका विषयहरू छन् । जुन चाहिँ अब यो विधेयक पूरै अध्ययन गर्न मैले पा'को छैन । दफावार छलफल पछि हुन्छ होला हाम्रो । मेरो चिन्ताको विषय के छ भने मैले कतिपय ठाउँहरूमा जाँदाखेरि यो मर्यादा केही कारणले यसैको विषयमा चाहिँ विवाद भएर कति महत्त्वपूर्ण छलफलहरू चाहिँ छलफलको कन्टेन्टमा छिर्दै नछिर्‍या देख्या' छु । कसलाई माननीय अगाडि हुनुपर्‍यो, कसलाई त्यो सचिवको अगाडि भयो, कसको के भयो, हामी फोकस चाहिँ त्यो विषयवस्तुमा भन्दा बढी चाहिँ मर्यादातिर फोकस भएर अनि त्यसपछि हाम्रो इगो हर्ट हुने ठाउँ ठाउँमा र त्यसले गर्दाखेरि चाहिँ महत्त्वपूर्ण विषयवस्तुमा हामीले ध्यान दिन नसकेको, छलफल दिन नसकेको थुप्रै कार्यक्रमहरू मैले एटेन्ट गर्‍या छु ।

त्यो हिसाबमा मलाई चिन्ता लाग्छ जहिले पनि यो मर्यादाको विषय अगाडि ल्याएर चाहिँ हामीले गर्नुपर्ने काम चाहिँ एकातिर अनि यो पालना गर्दै हिँडने एकातिर हुन्छ कि भन्ने जस्तो लाग्छ । यसलाई कसरी हामीले कन्ट्रोल गर्छौं? ठ्याक्कै म सांसद हो माननीय सांसद हो भने म सांसदको काम गर्दा मात्रै म माननीय सांसद हो अरू बेला म विमला राई पौडयाल हो । त्योअनुसार मैले काम गर्छु । हाम्रा विभिन्न ह्याटहरू हुन्छन् । त्यसले गर्दा यो मर्यादाले चाहिँ

कहिलेकाहीँ काममा एकदम धेरै अवरोध पुगेको जस्तो र जनताहरूबाट पनि एकदमै धेरै असन्तुष्टिहरू आ'को मैले महसुस गरेको छु । त्यसलाई कसरी हामिले नियन्त्रण गर्छौं?

र दोस्रो चाहिँ राष्ट्रिय झन्डाको प्रयोग गर्दा कतिपय अवस्थामा सवारी साधनहरूमा विशेष गरी महावाणिज्यदूतकै नेपालमा संसारमा काहीँ नभा'को चलन छ हाम्रो महावाणिज्यदूतहरूलाई चाहिँ झन्डा दिने या गैरआवासीयदूतहरूलाई अब त्यस्तोमा दुरुपयोग भा'का थुप्रै उदाहरणहरू छन् । यस्ताहरूलाई हामीले कसरी करेन्सन गर्छौं? यो विषयमा दफावार छलफलमा हामी कुरा गर्छौं र सैद्धान्तिक रूपमा मेरो चिन्तालाई मैले यहाँ व्यक्त गरेँ । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय खिमलाल देवकोटा ।

**(१५:५८ बजे) माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, शक्ति सन्तुलन र नियन्त्रणका लागि कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको आआफ्नो कार्यक्षेत्र छ । आआफ्नो भूमिका छ । सबभन्दा पहिलो कुराहरू हामीले बुझ्नुपर्ने कुरा यहाँ हो । र अनावश्यक रूपमा कार्यपालिकालाई व्यवस्थापिकाले हस्तक्षेप गर्न खोज्दाखेरि संसद विघटन हुने पटक पटक हामीले ०४७ सालको संविधान पनि हेर्यौं । यो संविधान पनि हेर्या छौं । मैले यहाँको मात्रै कुरा गरेको होइन । संसारभरिमा जहाँ पनि त्यो देखिन्छ । विशेष गरी व्यवस्थापिकाले कार्यपालिका, प्रधानमन्त्रीलाई अलिकति हस्तक्षेप गर्ने कन्ट्रोल गर्न खोज्दाखेरि त्यो देखिएको छ हइ जहाँ पनि देखिन्छ एउटा पाटो यहाँ हामीले बुझ्नुपर्छ जानुपर्छ मैले शक्ति सन्तुलन र नियन्त्रणको कुराहरू यहाँ गर्दै छु । त्यसै गरी अब अदालतले व्यवस्थापिकालाई नियन्त्रण गर्न खोज्दाखेरि चाहिँ व्यवस्थापिकाले प्रधानन्यायाधीश, न्यायाधीशहरूलाई महाअभियोगसहित लगाउने खालको त्यो पनि अभ्यास हामीले देखेका छौं । त्यो नेपालमा मात्र होइन अन्त पनि त्यो इगो हो कि के गरेर त्यो पनि देखेका छौं । त्यो पाटो पनि हामी बुझ्नुपर्छ ।

र अर्कोः यो कार्यपालिका मैले भन्न खोजेको कार्यपालिका, व्यवस्थापिका न्यायापालिकाको प्रमुख मैले भन्न खोजेको त्यो भनेको प्रमुख हो कार्यपालिकाको प्रधानमन्त्री व्यवस्थापिकाको हाम्रो सन्दर्भमा राष्ट्रिय सभाको अध्यक्ष, प्रतिनिधि सभाको सभामुख, प्रधानन्यायाधीश त्यो तीनटा प्रमुखको बिचमा शक्ति सन्तुलन नियन्त्रण हुनुपर्छ जस्तो अहिले प्रतिनिधि सभामा । प्रतिनिधि सभा नियमावलीको छलफल भैरा' छ । अनावश्यक रूपमा सभामुखको अधिकारलाई कटैती गर्ने

हस्तक्षेप गर्ने जुन बहस भैरा' छ । त्यो, त्यो गलत हो त्यो गलत त्यस्तो परम्परा यहाँ पनि प्रवेश होला जस्तो मलाई लाग्छ त्यो नगरियोस् भन्ने कुरो त्यो ध्यानाकर्षण गराउन चाहन्छु ।

अब म अलिकति विधेयकमा आउँछु । मैले यो विधेयकको बारेमा आज बिहान अलिकति हेरें सर्सर्ती सबै पढें सम्माननीय अध्यक्ष महोदय र मैले अरू संसारको मेजर फेडल कन्ट्रीको भारतको पनि हेरें । अनि अमेरिकाको पनि हेरें । हाम्रो संघीयताको अभ्यास अलिकति साउथ अफ्रिकासँग मिल्छ ब्राजिलसँग मिल्छ भनेर त्यहाँ पनि हेरें मैले इभन मैले बेलायतको पनि हेरें । डेमोक्रेसी जननी अनि अङ्ग्रेजी हामी सबैले गुगलमा खोजे पनि हुन्छ । अर्डर अफ प्रिसिडेन्स भनेर खोजेर हेरे पनि हुन्छ । तर मैले के पाएँ भने सम्माननीय अध्यक्ष महोदय, यो काम भनेको विशुद्ध कार्यपालिकाको काम हो विशुद्ध कार्यपालिकाको काम हो किनभने मैलेअघि भन्न खोजें त्यसकारण हामीले यहाँ सबै हाम्रो माननीयज्यूहरू यत्रो सबै टिम सबै दलको लाएर बनाउनुभा' छ । मलाई लाग्छ यो अरू देशको प्राक्टिस हेर्नुभा' होला त्यसकारण हामीले जहिले पनि मर्यादा क्रम हामीले नीति नियम कानुन विधि जे बनाउछौं । जब मैले आफूलाई केन्द्रविन्दुमा राखेर बनाउँछु भनेसी त्यो गलत हुन्छ । त्यसले त्यो प्रभावकारी हुँदैन त्यसले काम पनि गर्दैन । त्यसकारण यो पाटो माननीयज्यूले हेर्नुभा' छ होला भन्ने मेरो अनुमान हो । र अलिकति कतिपय कुराहरू यहाँ धेरै कुराहरू मिलाउनुपर्ने हुन्छ । म जस्तो एउटा प्राक्टिस प्रदेशको उपसभामुखले झन्डा प्रयोग गर्नुहुन्छ । जस्तो हामीकहाँ उपाध्यक्ष उपसभामुखलाई अगाडि ल्याइया छ । त्यो ठिक छ । त्यसलाई मैले मान्छु तर प्रदेशमा पनि उपसभामुख छ भनेर चाहिँ हेरिएन हइ । त्यो हेरियो राष्ट्रिय सभाको उपाध्यक्ष मर्यादा क्रममा राज्यमन्त्री सरह हुन्छ तर पछाडि लएर राखिएको छ । त्यसकारण .....(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय दिल कुमारी रावल थापा पार्वती ।

(१६:०१ बजे) **<u>माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, लामो समयपछि गैरसरकारी विधेयकको रूपमा यो विधेयक दर्ता भा'को छ । म स्वागत गर्न चाहन्छु । मर्यादा भन्ने विषय व्यक्तिको भन्दा पनि एउटा राज्यको विषय हो । यो अहिलेसम्मन कार्यपालिकाले बनाउँदै आएर यो पटक पटक फेर बदल हुँदाखेरि यसको विवाद पनि उत्पन्न भा'को छ । यसलाई कानुनमै व्यवथित गर्नु भन्ने उद्देश्यले जुन राष्ट्रिय सभामा सर्वपक्षीय सर्वदलीय हिसाबले यो आ'को अब कार्यपालिकाले बनाउँदाखेरि यो आम रूप आम नागरिकलाई पनि थाहा नहुने संसदले यो कानुन बनाउँदाखेरि

मलाई लाग्छ धेरै छलफल बहस पनि हुन्छ र यो कानुनको रूपमा आइसकेपछि यसलाई कार्यान्वयन गर्न पनि यो व्यक्ति केन्द्रितभन्दा पनि संस्था केन्द्रित यसलाई व्यवस्थित गर्न पर्ने मलाई लाग्छ यसले सहयोग पुग्छ जस्तो लाग्छ । अहिले हामीले हेरिरहँदा मर्यादाको कुरा तलमाथि भैरहँदा फेर बदल भैरहँदा कार्यक्रममा विवादहरू पनि देखिएको छ । त्यसकारणले यो आवश्यक छ ।

अहिले हामी संघीय संरचनामा पनि छौं यसले गर्दा यो मर्यादालाई व्यवस्थित कानुनबाटै गर्दा राम्रो हुन्छ जस्तो लाग्छ । यहाँ विषय उठ्या छ । राष्ट्रिय गानकै सन्दर्भमा हामीले कुरा गर्यौं भने राष्ट्रिय झन्डा प्रयोगकै सन्दर्भमा कुरा गर्दा, सलामीको कुरा गर्दा अहिले विभिन्न विवादहरू आ'को छ । विशुद्ध जनप्रतिनिधिहरूको सवालमा सलामी कसरी राष्ट्रिय गानको प्रयोग कसरी गर्ने कुन कुन निकायले गर्ने राष्ट्रिय झन्डाका अब दुरुपयोग भा'को समाचारहरू पनि हामीले सुनेका छौं यी सबै कुरालाई समेटेर यहाँ आ'को छ । त्यसो भा'को हुनाले कानुनले व्यवस्थित गरेर जाँदाखेरि यसले विवादहरू पनि कम हुने र कानुन संसदले कानुन निर्माण गरेपछि यसको प्रचार प्रसार पनि हुन्छ भन्नी मलाई लाग्छ । तर यो अझै अब सैद्धान्तिक रूपले यो ठिक छ । तर अब हामी दफावार छलफलमा अझै यसलाई, यसको प्रभावकारितालाई कार्यान्वयनमा हामीले कानुन भनेको चाहिँ कार्यान्वयनको लागि बनाउनी हो । त्यसो भा'को हुनाले नै हामीले दफावार छलफल जाँदा चैं अलि बृहतम छलफल, अहिले व्यक्ति को, कहाँ के छ भने नि शक्ति सन्तुलन कुराभन्दा पनि संस्थागत संरचनालाई ख्याल गरेर यसलाई कार्यान्वयन जाने हिसाबले हामी छलफल गरौं ।

यो विधेयकको पार्टीगत हिसाबले पनि हाम्रो पार्टी नेकपा एमाले पनि यसमा सहभागिता भा'को छ दलको हिसाबले पनि म समर्थन गर्न चाहन्छु र एउटा सदस्यको हिसाबले पनि यसको दफावार छलफल सहभागी भएर यसलाई अझ व्यवस्थित समृद्ध बनाउने सवालमा पनि सहभागी हुने कुरा पनि जानकारी गराउन चाहन्छु र यो गैरसरकारी विधेयकको रूपमा पनि आ'को यसले धेरै एउटा महत्त्व पनि राख्छ । मलाई लाग्छ लामो समयपछि दर्ता भएर छलफलमा आ'को यो पहिलो, मलाई लाग्छ ०५४/०५५ सालपछि दर्ता भएर छलफलमै आ'को यो विधेयक पहिलो विधेयक पनि हो जस्तो मलाई लाग्छ । यसो भएको हुनाले यो विधेयकको समर्थन गर्न चाहन्छु र यसका सैद्धान्तिक पक्षहरूको समर्थन गर्दै यसका दफावार छलफल यसलाई मिलाउनुपर्छ केही विषयहरूलाई सर्सर्ती हेदाखेरि यही मिलाउनुपर्ने कुराहरू पनि देखिएको छ यो हामी संशोधनको मार्फत मिलाउने पनि जानकारी गराउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय माया प्रसाद शर्मा ।

(१६:०४ बजे) **माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, यो विधेयक यो आवश्यकताअनुसार नै आएको छ । किनभने अहिलेसम्म मर्यादा क्रम निर्धारण गर्ने मर्यादा क्रम बेलामौकामा तलमाथि हुने र मान्छेको अनुहार त्यसको जिम्मा र स्थिति हेरेर तल माथि गर्ने जुन यो परम्परा भैराखेको छ र चलिराखेको छ । यसलाई कानुन सम्मत ऐनले नियन्त्रण गर्ने र निरन्तर ढङ्गले एउटै आफूलाई सधैंभरि जान्ने बुझ्ने गरी यहाँनिर पर्छ यहाँनिर बस्छु मेरो जिम्मा यहाँनिर छ भन्ने कुरा बोध हुनका निमित्त पनि यो जरुरी छ र यसको प्रयोगहरू झन्डाको, राष्ट्रिय गानको त्यसपछि गएर लोगो यी सबै कुराहरूको प्रयोग पनि कहीं के, कहीं के भने जो थियो । यसले नियम बनाएर कानुन बनाएर कार्यान्वयन गराउँदाखेरि एउटै ढङ्गले सबै नेपालीले बुझ्ने गरी यसले प्रयोग गर्न पाउँछ भनेर भन्ने एउटा सन्देश दिन खोजेको छ र एउटा आवश्यकता पूर्ति गर्न खोजेको छ । यो गैरसरकारी विधेयक राष्ट्रिय सभामार्फत गयो अगाडि बढेको छ । यसले गौरवको अनुभूति पनि गर्नुपर्छ जस्तो लाग्छ किनभने विधेयकको एउटा कानुन बनाउने प्रक्रियामा पनि हामी एकै छम् । सबै दलहरूको एक मुष्ट एकताबद्ध तागत यसमा अभिव्यक्त भएको छ । यो राष्ट्रिय सभा एउटा एउटा मर्यादित साँच्चीकै एकताबद्ध सभा हो भन्ने कुरालाई पनि सन्देश दिन खोजेको छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय तुलसा कुमारी दाहाल ।

(१६:०६ बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय मर्यादासम्बन्धी विधेयक जुन गैरसरकारी विधेयकको रूपमा आएको छ । म यसलाई स्वागत गर्न चाहन्छु । र यो आवश्यक थियो र आयो र यसको राम्रो पक्ष भनेको यसले ऐन मापनको विषय राखेको छ । जुन विभिन्न विधेयकहरूमा उठाइएको थियो र थिएन पनि अरू विधेयकहरूमा यो सकारात्मक छ । र यो मर्यादासम्बन्धी विषयलाई चाहिँ ऐनबाटै नियमन गर्ने भन्ने कुरा रहेको छ । यो राम्रो पनि विषय छ । हामी अहिले संघीय संरचनामा छौं संघीय संरचनामा रहेको हुनाले मर्यादासम्बन्धी विषयहरू पनि हुनुपर्छ । यसका कार्य तालिकाहरू पनि मिल्नुपर्छ र यसमा अलमलिनु हुँदैन भन्ने मलाई लाग्छ ।

राष्ट्रिय झन्डाको प्रयोग गर्ने तरिका चैं कस्तो अवस्थामा हुने भन्ने पनि स्पष्ट हुनुपर्दछ । यो संसद भनेको कानुन निर्माण गर्ने थलो हो र सांसदहरू कानुन निर्माणकर्ता हुन् तर हामी

कार्यपालिकालाई आफ्नो अधिकारहरू दिन्छौं र कार्यपालिकाले अधिकारहरूको प्रयोग गर्न ..... । त्यसैले यसमा चैं प्रत्यायोजित विधायनसम्बन्धी व्यवस्था यो विधेयकमा पनि आएको छ । त्यसले गर्दा यसलाई अलिक विस्तृत रूपमा छलफल गर्नुपर्ने छ । धेरै ठाउँमा प्रत्यायोजितसम्बन्धी व्यवस्था गर्दाखेरि कार्यपालिकाले फेरि आफ्ना अधिकार तजविजीमा भर पर्ने भ'को हुनाले यो कुरालाई ध्यान दिनुपर्छ र त्यो कुरालाई बृहत् रूपमा यसलाई छलफल गरेर लानुपर्छ । यो विषय सकारात्मक छ ।

**सम्माननीय अध्यक्षः**- माननीय मदन कुमारी शाह (गरिमा) ।

(१६:०७ बजे) **माननीय श्री मदन कुमारी शाह (गरिमा) (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय मर्यादा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको म स्वागत गर्न चाहन्छु । मर्यादा निर्धारण गर्नको लागि जुन विधेयक प्रस्तुत भएको छ यो समयसापेक्ष छ । यो आवश्यक थियो । यसलाई मर्यादा क्रमलाई कानुनबाट नियमन गर्ने कुरा अति आवश्यक थियो । किनभने कार्यपालिकाले पनि आफ्नो अधिकारको अलि बढी प्रयोग गर्ने, आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गएर प्रयोग गर्ने, व्यक्तिलाई हेरेर प्रयोग गर्ने जुन प्रवृत्ति थियो त्यो प्रवृत्तिमा अङ्कुस लगाउन आवश्यक थियो जस्तो मलाई लाग्छ । त्यसो भएको कारणले गर्दा यो राष्ट्रिय मर्यादा सम्बन्धमा व्यवस्था गरिएको जुन विधेयक छ, यो सबै दलहरूको साझा सहमतिका आधारमा आएको छ । तर यसमा केही चैं हामीले अझै व्यापक छलफल गरेर फेरबदल गर्न मैले आवश्यक देखिरहेको छु । विशेष गरेर यो पदीय मर्यादाको सन्दर्भमा ।

र यो किन पनि म खुसी व्यक्त गर्न चाहन्छु भने अब हाम्रो राष्ट्रिय गान भइरा' हुन्छ कोही एकदम स्टान्ड वाई उभिएर एकदम गौरवका साथ अगाडि देखेर त्यसलाई सम्मान प्रकट गरिरहनुभएको हुन्छ । कोही चैं एकदम यसो गरेर कोही मान्छे चैं सहादतै प्राप्त गरेको हो किन भने जसरी त्यो राष्ट्रिय गानमा उभिने खालको जुन यो छ यसले पनि यसलाई नियमन गर्छहोला जस्तो मलाई लाग्छ ।

त्यसै गरी यो जुन यसको चैं सलामी लिने, राष्ट्रिय गान, राष्ट्रिय झण्डाको प्रयोगको लागि पनि यसले सुसूचित जनतालाई, आम जनतालाई पनि सुसूचित गर्छ । हामी आम जनताहरूलाई पनि सुसूचित गर्छ । त्यसकारणले म यो विधेयक आएकोमा खुसी व्यक्त गर्न चाहन्छु । र अझै समृद्ध बनाऊँ भन्ने कुरा राख्दै धन्यवाद दिन चाहन्छु ।

**सम्माननीय अध्यक्ष**:- माननीय सुमित्रा वि.सी. ।

(१६:०९ बजे) **माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- यो राष्ट्रिय मर्यादाको विधेयक आएको छ । यसको म पनि स्वागत गर्न चाहन्छु । र यसको एउटा रीतिथिति बसाउनका निम्ति विधि गारउनुपर्छ । त्यो विधि चैं कार्यान्वयन गर्ने पाटो त पछि हुन्छ । पहिला यो ऐनमार्फतै विधि बनाउने कुरो हामी जुन अहिले आएको छ यो एकदम यो स्वागतयोग्य छ । सबै दलहरू यसमा सहमति भएर आएकोमा पनि म खुसी व्यक्त गर्न चाहन्छु । र यसमा अब दफावार छलफलमा हामी छलफल गरौंला । छलफल गर्दाखेरि अलिकति निवर्तमान मन्त्री र वर्तमान माननीयहरूको मर्यादालाई पनि अलि प्रष्ट पार्नुपर्छ कि यो छलफलमा जाने छ भन्ने विश्वास गर्न चाहन्छु ।

र अब यसलाई हामीले एउटा आग्रह पूर्वाग्रह हुन नदिएर सिस्टमअनुसार चल्नका निम्ति कानुन चाहिने, ऐन चाहिने भ'को कारणले यो जुन विधेयक आ'को छ यसलाई चैं हामीले छलफल गरेर अझै समृद्ध बनाउने गरी यो भर्खरै भेटाइयो । अब धेरै सबै अध्ययन गर्न पाइएन । अलि अलि मोटामोटी हेर्दाखेरि अहिलेलाई त्यति कुराहरू भेटियो । हामी फेरि पनि दफावार छलफलमा जाने छौं । यति भन्दै भनाइ टुङ्ग्याउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय जयन्ती देवी राई ।

(१६:१० बजे) **माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- अध्यक्ष महोदय, राष्ट्रिय मर्यादासम्बन्धी व्यवस्था गर्न आएको यो जुन एकदमै लामो समयमा आ'को छ । सबभन्दा पहिला म यो विधेयकलाई एकदमै पोजिटिभ र वेल्कम गर्न चाहन्छु । र माननीयज्यूहरूले उठाउनुभएजस्तै यो निश्चित रूपमा यसो हेर्दाखेरि सामान्य विषय यो व्यक्तिगत र व्यक्तिसँगको इगो हो कि भन्नेजस्तो देखिन्छ । र व्यवहारमा पनि हामीले त्यस्तै पाइराखेका छौं अहिले । किनभने एकरूपता छैन । जसलाई जे मन लाग्यो त्यो ढङ्गले चैं अब व्यवहार गरिरहेको स्थिति देखिन्छ । त्यसो भ'को हुनाले पनि एउटा राष्ट्रिय मर्यादा भन्नेबित्तिकै एउटा राष्ट्रसँग जोडिएको कुराहरू हुन्छ । त्यसलाई एउटा कानुनले नै व्यवस्था गर्नुपर्ने कुरा हो । यो एकदमै राम्रो भ'को छ । र यसलाई छिटोभन्दा छिटो चैं हामीले पारित गर्नुपर्छ भन्ने मलाई लाग्छ । र यो पदीय मर्यादासम्बन्धी चैं निकै छलफल गर्नुपर्छ जस्तो लागेको छ यसलाई सबै बसेर ।

र अर्को कुरा भनेको राष्ट्रिय गान भनेको यो राष्ट्रसँग जोडिएको कुरा हो । र राष्ट्रिय झण्डा भनेको एउटा राष्ट्रको गौरवसँग जोडिएको कुरा हो । त्यसकारणले यसलाई प्रयोग गर्ने सन्दर्भमा एकदमै गलत भएको छ । त्यसको बारेमा हामी दफावार छलफल गरौंला । र अरू कुरा चैं मैले माननीयज्यूहरूको कुरामा समर्थन गर्दै फेरि अब यसलाई हामी संशोधनमा लान्छौं नै होला । त्यति बेला हामी छलफल गर्ने छौं । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय अनिता देवकोटा ।

**(१६:१२ बजे) माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९" सदनसमक्ष प्रस्तुत भएको छ । यो गैरसरकारी विधेयका रूपमा प्रस्तुत भएको छ । राष्ट्रिय सभामा पटक पटक, छलफलमा यो मर्यादा क्रमसम्बन्धी पटक पटक छलफल भएको थियो । त्यसैले पनि यो आवश्यक भ'को हो भन्ने ठानियो । र गैरसरकारी विधेयक योभन्दा अगाडि दर्ता भएको हामीले अरू विधेयकहरू छलफल भएनन् भनेर अत्यन्तै चिन्ता व्यक्त गरेका थियौं । अहिले दर्ता हुनेबित्तिकै समयमै यो विधेयले प्राथमिकता पाएको छ । यसको लागि पनि म हार्दिक आभार प्रकट गर्न चाहन्छु । र मर्यादासम्बन्धी सरकारको गृहमन्त्री हुने अनि गृहमन्त्री फेरियो भने पटक पटक कार्यविधिहरू बदलिने । त्यसैले एकरूपताहरू यो प्रोटोकलसम्बन्धी एकरूपताहरू नहुने हुँदा अब ऐनमार्फत् नै यसलाई व्यवस्थित गर्न सकियो भने राम्रो हुन्छ भन्ने उद्देश्यले यो विधेयक आएको हो भन्ने मलाई लाग्दछ । त्यसैले कार्यपालिकालाई व्यवस्थापिकाले नियन्त्रण गर्न खोजेको होइनजस्तो लाग्छ मलाई । कार्यपालिकालाई व्यवस्थापिकाले अझ सजिलो बनाइदिन ऐनमार्फत्बाट व्यवस्थापन र नियमनका व्यवस्थाहरू गराएर अझ सजिलो बनाइदिनको लागि यो मर्यादा, झण्डा प्रयोग अनि त्यसपछि सलामी, राष्ट्रिय गानजस्ता कुराहरूलाई एकरूपताका साथ अझ महत्त्वका साथ, राष्ट्रिय महत्त्वका कुराहरूलाई व्यवस्थित गर्न बनेको यो विधेयकलाई जुन आएको छ अत्यन्त महत्त्वका साथ आएको छ भन्ने कुराहरू राख्छु ।

र यसले अझ, यो विधेयकले अझ समृद्ध बनाउने छ र विधेयकमा अझ नपुगेका कुराहरू हामी संशोधनका माध्यमबाट परिमार्जित गर्ने छौं । र विधायन समितिमा दफावार छलफलका रूपमा अझ समृद्ध बनाएर यो विधेयक महत्त्वपूर्ण, मर्यादासम्बन्धी विधेयक महत्त्वपूर्ण दस्ताबेजका रूपमा भोलि यो कार्यपालिकालाई पनि सजिलो हुने गरेर यो व्यवस्थापिकाले गर्ने छ भन्ने विश्वासका साथ म सैद्धान्तिक छलफलमा यति कुरा राख्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय राधे श्याम पासवान ।

(१६:१४ बजे) **माननीय श्री राधे श्याम पासवान (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, आज प्रस्तुत भएको "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९" सभासमक्ष पेस भएको छ । यो विधेयक एकदमै महत्त्वपूर्ण विधेयक हो । र यो राष्ट्रिय गानसम्बन्धी, राष्ट्रिय भण्डासम्बन्धी र मर्यादासम्बन्धी यी विषयमा हामी ऐन बनाएर जाँदा एकदम राम्रो हुन्छ । किनभने धेरै यो विषयहरूमा मर्यादासम्बन्धी विषयहरूमा प्रतिनिधि सभा र राष्ट्रिय सभाका विषयहरूमा पनि गरिमाहरूमा अलिकति मिचिएको थियो । त्यसकारणले सबै राजनीतिक दलहरूले एकआपसमा छलफल गरेर यो विधेयक ल्याइएको हो र यो विधेयक अब दफावार छलफलमा लगेर हामी दफावार छलफल पनि गर्छौं । र यो गैरविधेयक हाम्रा माननीयज्यूहरूले जुन ल्याउनुभएको हो यो एकदम उचित हो । किनभने कार्यपालिकाले मात्रै ल्याउने होइन हो कि व्यवस्थापिकाले पनि विधेयक ल्याएर छलफल गरेर र हामीले पास गर्न सक्छौं । र यो मर्यादासम्बन्धी विधेयकहरू हामीले छलफल गर्यौं भने यो राम्रो हुन्छन् । र आफ्नो मानसम्मानको पनि यो मिल्न सकिन्छ । र मानसम्मानले पनि एउटा के हुन्छ भने मर्यादा क्रमहरू मिचिएको छन् । त्यसकारणले यो मर्यादा विधेयक राम्रो, उचित छन् भन्ने लागेको छ । र दफावार छलफलमा पनि हामी छलफलमा समावेश हुन्छौं भनेर । धन्यवाद ।

(१६:१६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय डा. बेदुराम भुसाललाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१६:१६ बजे) **माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, म सर्वप्रथम त "राष्ट्रिय मर्यादा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९" को सैद्धान्तिक छलफलमा भाग लिनुहुने सम्पूर्ण माननीयज्यूहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । सबै माननीयज्यूले यो विधेयकलाई स्वागत गर्नुभा'को छ । यसको आवश्यकता थियो । आयो राम्रो भयो भनेर भन्नुभ'को छ ।

केही मिलाउनुपर्छ भन्ने कुरा उठेका छन् । निश्चय नै हामीले जे प्रस्तावित हुन्छ त्यही नै सम्पूर्ण हो भनेर कहिले पनि भन्दैनौं । छलफलको माध्यमबाट विधेयकको सन्दर्भमा भन्दाखेरि संशोधनको माध्यमाबाट अझ परिमार्जन गर्ने काम गर्दै आएका छौं र फेरि पनि त्यो काम गर्न सकिने छ, गर्ने छौं ।

कार्यपालिकाको जिम्माको सवाल हो भनेर पनि एक जान माननीयज्यूले उठाउन भा' छ । कार्यपालिकाको काम हो तर कार्यपालिकाले पनि विधिमा बाँधिएर काम गर्दा राम्रो हुन्छ भन्ने हाम्रो मान्यता हो । हामीले विधिको शासनको कुरा गरिरहेको हुनाले हामीले अहिले सञ्चालन गरिरहेको शासन व्यवस्था विधिको शासन व्यवस्था हो भन्ने मान्यता हामी सबैले बोक्ने भएको हुनाले कार्यपालिकाले पनि विधिमा बाँधिएर विधिअनुसार नै कार्य सम्पादन गर्यो भने राम्रो हुन्छ भन्ने धारणा राखेर नै यो एउटा ऐन नै बनाएर यसलाई व्यवस्थापन गरौं । यसको नियमन गरौं भन्ने हाम्रो धारणा रहेको हो र त्यसअनुसार नै हामीले यो विधेयक अगाडि बढाउन खोजेका हौं । त्यसै हिसाबले हामीले यसलाई अगाडि लानुपर्छ भन्ने मलाई लाग्दछ ।

माननीयज्यूहरूले यसलाई अझै परिमार्जन गर्नका निम्ति, अझै समृद्ध बनाउनका निम्ति संशोधनको माध्यमबाट, छलफलको माध्यमबाट जानुपर्ने जुन आवश्यकता दर्शाउनुभएको छ । त्यसलाई निश्चयनै हामीले संशोधनको माध्यमबाट नै यसमा केही मिलाउनुपर्ने विषयहरू रहेका छन् भने तिनीहरूलाई मिलाउन सक्ने छौं । र म के मात्र अनुरोध गर्न चाहन्छु भने यो आवश्यकता हो हामी सबैले आवश्यकताबोध गरेका थियौं । र आवश्यकताअनुसारको एउटा ऐन बनाउने प्रक्रियामा हामी अगाडि बढेका छौं । यसलाई अझै राम्रो बनाउन लागि निम्ति अझै समृद्ध पर्नका निम्ति सबै हामी मिलेर काम गरौं र अगाडि बढौं भन्ने अनुरोधका साथ म आफ्नो भनाइलाई अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

(१६:१८ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९" माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभाअन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल चैत १६ गते बिहीवार बिहान ११ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०७९ साल चैत १६ गते बिहीवार बिहान ११ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः १६:२० बजे ।**